का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १९, अंक ३०१
१० पुस २०७८, शनिबार
25 December 2021, Saturday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।



इसाई समुदायको पर्व क्रिसमस मनाउने क्रममा पोखराको एक होटलमा सजाइएको क्रसमस ट्री र शान्ता क्लज । तस्वीर: रासस

## जम्बो बन्ने होड

जनताको मतबाट ठूलो दल बन्न पहिले पार्टी बलियो हुनुपर्ने निष्कर्षमा रहेका दलहरुको साझा निष्कर्ष छ- संगठन पनि ठूलै हुनुपर्छ । अत: कुनैबेला एउटै दलका एक भन्दा बढी अध्यक्ष बनाउने होड अहिले पदाधिकारी बढाउनेतिर केन्द्रीत देखिन्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ पुस ।

आगामी पुस ११ देखि १३ गतेसम्म हुने प्रथम राष्ट्रिय सम्मेलनको तयारीमा जुटेको नेकपा माओवादी केन्द्रले पदाधिकारी संख्या बढाउने निर्णय गरेको छ। सम्मेलन अगाडि शुक्रबार बसेको स्थायी कमिटी बैठकले पदाधिकारी संख्या बढाउने निर्णय गरेको स्थायी कमिटी सदस्य हरिबोल गजुरलले बताए ।

उनका अनुसार अब माओवादी केन्द्रको पदाधिकारी १५ सदस्यीय हुनेछ। लोकतान्त्रिक प्रणालीबाट नेतृत्व चयन गर्ने विधान पारित गरेको माओवादीले पहिलोपटक यति ठूलो संख्याको पदाधिकारी बनाउन लागेको हो। यसअघिको अन्तरिम विधानमा भने पाँच जनाको पदाधिकारी हुने व्यवस्था थियो। तर अब अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिव गरी पदाधिकारीको संख्या १५ पुग्नेछ।

सशस्त्र विद्रोहबाट राष्ट्रिय राजनीतिमा आएको माओवादीमा लामो समय पुष्पकमल दाहाल प्रचण्ड अध्यक्ष थिए भने अरु सदस्य थिए। तर शान्ति सम्झौतापछि पदाधिकारी प्रणालीमा गएको थियो । पदाधिकारी प्रणाली पनि पार्टी विभाजन र एकताको कारणले प्रभावित बन्यो। ६ जेठ २०७३ मा दश वटा माओवादीबीच एकता हुँदा प्रचण्ड एक्लै पदाधिकारी थिए भने चार हजार बढी केन्द्रीय सदस्य मनोनीत भएका थिए ।

माओवादी एमालेसँग मिलेपछि भने प्रचण्ड र केपी शर्मा ओली अध्यक्ष रहे । विष्णुप्रसाद पौडेल महासचिव थिए भने बाँकी पदाधिकारी थिएन । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग भएपछि पुनर्स्थापित माओवादी केन्द्रले पदाधिकारी संख्या १५ बनाउन लागेको हो । माओवादीले वडामा ५, पालिकामा ७ र प्रदेशमा ९ सदस्य पदाधिकारी बनाएको थियो ।

अर्थात् माओवादी पनि जम्बो पदाधिकारी बनाउने होडमा उत्रिएको छ। भर्खरै सकिएको नेपाली काँग्रेसको १४औं महाधिवेशनबाट १३ सदस्यीय पदाधिकारी चयन गरेको छ । अझै कोषाध्यक्ष मनोनीत हुन बाँकी छ । अघिल्लो महाधिवेशनमा काँग्रेसको तीन सदस्यीय पदाधिकारी निर्वाचित हुन्थे भने तीन जना मनोनीत हुन्थे। तर सभापति, महामन्त्री र कोषाध्यक्ष निर्वाचित हुने गरेकोमा यसपटक सभापति, दुई उपसभापति, दुई महामन्त्री र आठ सहमहामन्त्री निर्वाचित भएका

– बाँकी पृष्ठ २ मा



आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## शुरू भयो परीक्षा

आफ्नै प्यानलबाट दुई तिहाइ बढी केन्द्रीय कार्यसमिति निर्वाचित भएपनि नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा कसरी अगाडि बढ्छन् भन्ने परीक्षा आजैबाट शुरु हुनेछ ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ९ पुस ।

नेपाली काँग्रेसको सभापतिमा दोहोरिएका शेरबहादुर देउवाले केन्द्रीय मूख्यालय सानेपामा पहिलो केन्द्रीय कार्य समिति बैठक बोलाएका छन् । शुक्रबार अन्तिम परिणाम आएपछि सभापति देउवाले आज बैठक बोलाएका हुन् । दिउँसो १ बजे केन्द्रीय कार्य समितिको बैठक बस्दैछ ।

पार्टी कार्यालय सचिव केशव रिजालका अनुसार, आजको बैठकमा प्रमाणपत्र वितरण हुनेछ । तर आजकै बैठकमा सभापति देउवाको नेतृत्व कसरी अगाडि बढ्छ भन्ने पनि निर्धारण हुनेछ । आफ्नै प्यानलका दुई तिहाइ बढी केन्द्रीय सदस्य निर्वाचित भएकाले सभापति देउवालाई बहुमतबाट निर्णय गर्न समस्या छैन । तर पहिलोपटक युवा नेताहरु निर्णायक तहमा आएका छन् भने पुराना नेताहरु कार्यसमितिमै आएका छैनन् । वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले केन्द्रीय समितिमा उम्मेद्वारी नै दिएका थिएनन् ।

अझ महामन्त्रीमा फरक समूहबाट गगन थापा र विश्वप्रकाश शर्मा निर्वाचित भएका छन् । यसपटक काँग्रेसकै इतिहासमै पहिलोपटक धेरै सभापतिका उम्मेद्वार बनेका थिए । देउवाको निकटतम प्रतिद्वन्द्वी डा.शेखर कोइराला थिए । देउवा र कोइराला बाहेक प्रकाशमान सिंह, विमलेन्द्र निधि र कल्याण गुरुङ सभापतिका उम्मेद्वार थिए । दोस्रो चरणमा सिंह, निधि र गुरुङले देउवालाई साथ दिएका थिए ।

अतः ३३ जना केन्द्रीय सदस्य मनोनीत कसरी अगाडि बढाउँछन् भन्नेबाटै देउवाको परीक्षा शुरु हुनेछ । विभाग गठन र नेताहरुको कार्यविभाजनको संकेत पनि देउवाले आजकै बैठकबाट दिनुपर्नेछ । गएको २४ देखि २८ मंसिरसम्म चलेको १४औं महाधिवेशनबाट पदाधिकारी सहित १३४ जना निर्वाचित भएका छन् ।

सभापति देउवाको पदाधिकारीमा देउवा, उपसभापतिमा पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीमा गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्रीमा महालक्ष्मी उपाध्याय 'डिना', जीवन परियार, बद्री पाण्डे, फरमुल्लाह मन्सुर, भीष्मराज आङ्देम्बे, किशोरसिंह राठोर, महेन्द्र यादव र उमाकान्त चौधरी निर्वाचित भएका छन् ।

केन्द्रीय सदस्यमा डा. शशांक कोइराला, एनपी साउद, बालकृष्ण खाँण, उदय शमशेर राणा, रामहरि खतिवडा, ज्ञानेन्द्रबहादुर कार्की, रमेश लेखक, शंकर भण्डारी, जिपछिरिङ लामा, अर्जुननरसिंह केसी, जीतजङ्ग बस्नेत, गोपालमान श्रेष्ठ, मोहनबहादुर बस्नेत, सुनिलबहादुर थापा, नैनसिंह महर, दिलेन्द्रप्रसाद बडु, रामशरण महत, बलबहादुर केसी, गोविन्द भट्टराई, कुन्दनराज काफ्ले, दिपक गिरी, सुरेन्द्रराज पाण्डे, पद्मनारायण चौधरी, राजीव ढुङ्गाना, गुरु बराल, सञ्जयकुमार गौतम, गोविन्दराज पोखरेल, मदनबहादुर अमात्य, अजयबाबु शिवाकोटी, गणेश लामा, दिनेश कोइराला, उमेशजङ्ग रायमाझी, मोहन आचार्य, गोपाल दहित र कृष्णकिशोर घिमिरे छन् ।

मलिमा डिला सङ्गौला, पुष्पा भुसाल, आरजु राणा देउवा, अम्बिका बस्नेत, ईश्वरी न्यौपाने, सरिता प्रसाईं, रमा कोइराला पौडेल, सुशीला ढकाल आचार्य र रङ्गमति शाही निर्वाचित छन् । आदिवासी-जनजातिबाट चिनकाजी श्रेष्ठ, उमेश श्रेष्ठ, बहादुरसिंह लामा, दिलमान पाखिन, टेकबहादुर गुरुङ, आङ्गेलु शेर्पा, तारामान गुरुङ, टेकप्रसाद गुरुङ, सीता गुरुङ, अन्जनी श्रेष्ठ, सरस्वती बजीमय, गङ्गालक्ष्मी अवाल, माया राई, सीता राना र सुशीला थिङ निर्वाचित भएका छन् ।

खस-आर्यमा केशवकुमार बुढाथोकी, गोविन्दबहादुर शाह, भीम पराजुली, मधु आचार्य, श्यामकुमार घिमिरे, नारायणबहादुर कार्की, गेहेन्द्र गिरी, मञ्जु खाण, प्रतिमा गौतम, नानु बाँस्तोला, कान्तिका सेजुवाल, चम्पादेवी खड्का र विद्यादेवी तिमिल्सिना निर्वाचित भएका छन् । दलिततर्फ मानबहादुर नेपाली, प्रकाश रसाइली 'स्नेही', हरिशरण नेपाली, नृपबहादुर वड, मैकुलाल बाल्मीकी, लक्ष्मी परियार, सुजाता परियार, शान्ति परियार विक र रुपा विक छन् ।

मधेशीतर्फ अजयकुमार चौरसिया, चन्द्रमोहन यादव, महेन्द्रकुमार राय, विनोदकुमार चौधरी, दिनेशकुमार यादव, नागिना यादव, मञ्जुकुमारी यादव, मिनाक्षी झा र मुक्ताकुमारी यादव तथा थारूतर्फ रामजनम चौधरी, योगेन्द्र चौधरी, कल्पना चौधरी र जीवन राना छन् । मुस्लिमतर्फ अब्दुल रज्जाक, अब्दुल सतार र जवेदा खातुन, अल्पसंख्यकतर्फ एक सिटमा प्रदीपकुमार सुनुवार, अपाङ्गता भएकातर्फ मदनकृष्ण श्रेष्ठ, पिछडिएको क्षेत्रतर्फ

– बाँकी पृष्ठ २ मा

## महासचिव पदका आकांक्षी धेरै

**रमेश लम्साल/रासस**
काठमाडौं, ९ पुस ।

विचारको नयाँ संश्लेषण गर्दै समाजवादको नयाँ आधार बनाउने लक्ष्यका साथ नेकपा माओवादी केन्द्रको सम्मेलन हुँदैछ। ११ देखि १३ पुससम्म हुने सम्मेलनको तयारीमा माओवादी केन्द्र जुटेको छ ।

सम्मेलन नजिकिए सँगै नेताहरुले गतिविधि बढाएका छन्। यसपटक माओवादी केन्द्रले निर्वाचन प्रक्रियाका माध्यमबाट नेतृत्व चयन गर्ने बताएको छ। यद्यपि माओवादीका नेताका अनुसार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको विकल्पमा कुनै पनि नेताहरुले दावी पेश गरिसकेको अवस्था छैन ।

महासचिवमा भने औपचारिक, अनौपचारिकरूपमा नेताहरूले दावी गरिरहेका छन् । सङ्गठन



विभाग प्रमुख रहेका जनार्दन शर्मा, केन्द्रीय कार्यालयका इन्चार्ज वर्षमान पुनले महासचिवमा दावी गरेका छन् । शिक्षामन्त्री रहेका देवेन्द्र पौडेल पनि महासचिवको दौडमा छन्। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले पनि आफू महासचिवका लागि योग्य रहेको बताएकी छन् ।

तत्कालीन संयुक्त जनमोर्चाको अध्यक्ष भइसकेकी भुसालले आफू महासचिवका लागि योग्य रहेको दावी पेश गरिन्। माओवादीको विधानअनुसार ३५ प्रतिशत महिला, २० प्रतिशत युवा, १५ प्रतिशत दलित, पाँच प्रतिशत मुस्लिमको प्रतिनिधित्व गराउने व्यवस्था गरेको छ । माओवादीको संगठित सदस्यले वडा सम्मेलन मार्फत वडाको नेतृत्व चयन गरे। वडाबाट

– बाँकी पृष्ठ २ मा

## कामदारको स्वास्थ्य बीमा प्रक्रियामा ढिलाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ पुस

स्वास्थ्य बीमा बोर्डले वैदेशिक रोजगारमा जाने कामदारको परिवालाई स्वास्थ्य बीमाको दायरामा ल्याउन दुई महिनाअघि तयारी गरेपनि त्यसको कार्यान्वयनमा समस्या देखिएको छ। बोर्डले वैदेशिक रोजगारमा जाने कामदारको परिवारलाई स्वास्थ्य बीमामा आवद्ध गराउने कार्यविधि २०७८ लागू गर्दै त्यस्ता परिवारलाई गत मंसिर महिनाको शुरूवातदेखि नै स्वास्थ्य बीमाको दायरामा ल्याउने गृहकार्य गरिरहेको बताएको छ ।

हाल वैदेशिक रोगारीमा जाने कामदारहरूले उमेर अनुसार १८ देखि ६४ वर्षको म्यादी बीमा गराउँदै आएका छन् । स्वास्थ्य बीमा ऐन अनुसार नै बोर्डले कार्यविधि तयार

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

वैदेशिक रोजगार विशेष

पारेको हो । वैदेशिक रोजगारमा जाने कामदारको परिवारलाई स्वास्थ्य बीमामा आवद्ध हुन तीन हजार पाँच रूपैयाँ प्रिमियम तिर्नुपर्ने हुन्छ ।

हाल काठमाडौं बाहेक मुलुकका सबै जिल्लामा परिवार स्वास्थ्य बीमा लागू भएको छ । काठमाडौं जिल्लामा पनि स्वास्थ्य बीमा शुरू गर्ने बोर्डले जनाएको छ । तर यस विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागले तयारी पूरा नगरेका कारणले स्वास्थ्य बीमा लागू हुन नसकेको बोर्डका निर्देशक दामोदर बसौलाले बताए । विभाग श्रोतले नयाँ विषय भएकाले छलफल भइरहेको बतायो ।

म्यादी बीमा गरी वैदेशिक रोजगारमा गएका कामदारको बीमा अवधिभित्र बीमितको मृत्यु भएमा दश लाख, दुर्घटनाको कारणबाट पूर्ण वा स्थायी अगंभगं भएमा घटना भएको १८० दिनभित्र दुर्घटनाबाट लागेको चोटपटकको औषधोपचार खर्च बापत बीमाकंको १० प्रतिशत नबढ्ने गरी रकम, बीमितको मृत्यु विदेशमा भएको अवस्थामा स्वदेशमा शव परिवहन गरिँदा लागेको ढुवानी खर्च बढीमा एक लाख, किरिया खर्चलगायतका सुविधा वैदेशिक रोजगार बोर्डले दिने गरेको छ ।

स्वास्थ्य बीमा लागू भएपछि परिवारका अन्य सदस्यहरुको एक लाख रूपैयाँसम्मको स्वास्थ्य उपचार खर्चको लागि वैदेशिक रोजगारीमा जाने कामदारको भर पर्नु नपर्ने निर्देशक बसौलाले बताए ।

कार्यक्रम लागू भएपछि परिवारको स्वास्थ्य बीमा नगरी कामदार रोजगारीका लागि विदेश जान पाउने छैनन् । हाल वैदेशिक रोजगारीमा जाने कामदार घटेका कारण बीमा कम्पनीको पनि आम्दानी घटेको छ ।

# क्रिसमस डे मनाइँदै

**काठमाडौं/मस-** आज २५ डिसेम्बर अर्थात् इसाइ धर्मावलम्बीहरुको महान पर्व क्रिसमस ।

यहि पर्व बिभिन्न कार्यक्रम गरी विश्वभर हर्ष उल्लासका साथ मनाईदै छ । झिलिमिलि बत्तिले सजाइएका क्रिसमस रुख, रातो कपडा र सेतै दारी कपाल फुलेका वृद्ध सान्टा कल्ज अनि संगितमय माहोल, क्रिसमस पर्वको रौनक विश्वभर देखिएको छ ।

क्रिस्चीयन धर्मका प्रर्वतकजीसस क्राइस्टको जन्म उत्सव डिसेम्बर २५ का अवसरमा देशभरका चर्चसँगै मुख्य सहरका पर्यटकीय स्थल, होटल, रेष्टुरेन्ट, सपिङ्गमलमा समेत विशेष माहोल बनेको हो ।

झण्डै दुई हजार वर्ष भन्दा अघि मरियमको कोखबाटजीसस क्राइस्टको जन्मभएको सम्झनामा क्रिसमस मनाउँदै आइएको छ ।



विभिन्न प्राचीन, यूरोपियन दस्तावेजका अनुसार क्राईस धर्तीमा आउनपूर्वनै पनि हिउँदको यो मध्य समयमा आगो र प्रकाशको चाड मनाइने कुरा उल्लेख छ । कालान्तरमा यो दिनलाई क्रिसमसका रुपमा मनाउन थालिएको हो ।

बाइबलका अनुसार क्राइसतीस वर्षको उमेरदेखि नै विभिन्न असाधारण क्षमता देखाउँदै आँधीबेरी शान्त पार्ने, मुत्यु भएकालाई पुनरजिवन दिने, तथा सर्वसाधरणका निम्ति विभिन्न असल सन्देश र कामहरु गर्न थालेको उल्लेख गरिएको छ ।

तर, तत्कालिन शासकले इश्वरको निन्दा गरेको भन्दै उनलाई झुण्डाएर मृत्युदण्ड दिइएको थियो । मृत्युदण्ड दिएको तीन दिनपछि उनी पुन जीवित भइ ४० दिनपछि स्वर्ग गएको बाइबालमा उल्लेख छ ।

जिसस क्राइस्टको स्वर्ग प्रस्थानपछि उनका १२ शिष्यले नयाँ धर्मको रुपमा जीसस क्राइस्टका उपदेशलाई फैलाए । अहिले विश्वभरनै कुल जनसंख्याको एक तिहाइ इसाई धर्मावलम्वी छन् । राष्ट्रिय क्रिस्चीयन महासंघ नेपालका अनुसार नेपालमा ३० लाख इसाई धर्मावलम्बी छन् ।

यसैबीच सरकारले क्रिसमस 'डे' का अवसरमा आज सार्वजनिक बिदा दिएको छ ।

मन्त्रिपरिषद्को यही पुस ८ गते बसेको बैठकले सो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिएका छन् ।

# चरित्र हत्या गर्न खोजियो: अधिकृत गुप्ता

**ललन कुमार चौरसिया/मध्यान्ह**
रौतहट, ९ पुस




रौतहट इशनाथ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ताले नगरपालिका र आफ्नो चरित्र हत्या गर्न खोजिएको बताएका छन् ।

पदीय मर्यादामा कामकाज गर्ने उदेश्यका साथ उनले केहि दिन अघि नगरपालिका मातहतका कार्यालयहरुको अनुगमन गरेका थिए । तर सो विषयलाई लिएर केहि संचार माध्यममा कपोकल्पित भ्रामक समाचार सम्प्रेषण भएको भन्दै गुप्ताले आपत्ति जनाएका हुन् ।

आफु आएसँगै हरेक काममा भ्रष्टाचार मौलाएको समाचार स्थानीय सञ्चार माध्यममा प्रकाशित भएको भन्दै उनले त्यस्ता समाचारको भ्रममा नपर्न समेत आग्रह गरेका छन् ।

संचारकर्मीसँग कुरा गर्दै उनले भने 'म आएसँगै भौतिक पूर्वाधार, शिक्षा, खानेपानी, यातायात आदीका काम निर्माणकै क्रममा छ । कुनै निर्माण कार्य सम्पन्नको कागजात आएपनि सम्बन्धित कागजात समिटेट नै नभएपछि भुक्तानी दिइएको छैन ।' कागजातहरु नहेरी भुक्तानी दिने कयौं प्रेसर आएपनि सो कार्य नियम विपरित हुने भन्दै कुनै काम अगाडि नबढाइएको उनले बताए । गुप्ता २०७६ वैशाख २ गते नगरपालिकामा हाजिर भएका थिए । इशनाथ नगरपालिका कार्यालयको चलानी नम्बर ९९६ अनुसार २०७६ मंसिर १ को करार पत्रबाट प्रविन टिब्रेवाललाई प्रेस संयोजक पदमा करारमा राखिएको थियो । तर उनले पदीय दायित्व अनुसार कार्य सम्पादन सन्तोषजनक नभएको भन्दै २०७६ चैत १३ गते देखि लागु हुनेगरी करार सम्झौता रद्द गरिएको थियो । नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा रामजी जोशी २०७७ साउन ५ मा हाजिर भएका थिए । उनको २०७८ साउन ९ सम्म कार्यकाल रहेको थियो । त्यसपछि गुप्ता साउन ५ गते देखि उक्त नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत पदमा सम्हालेका थिए । तर प्रवीण टिब्रेवालले पुनः प्रेस संयोजक पद राख्न दवाब दिइरहेको र उनको अनुकुल काम नगर्दा कपोकल्पित भ्रामक समाचार सम्प्रेषण गरि आफ्नो लगायत नगरपालिकाको चरित्र हत्या गरेको गुप्ताले बताएका छन् ।

## स्थानीय तहसम्मको जनगणनाको प्रतिवेदन प्रकाशनको तयारी




**काठमाडौं/मस-** केन्द्रीय तथ्यांक विभागले राष्ट्रिय जनगणनाको प्रतिवेदन पहिलोपटक स्थानीय तहसम्मको प्रकाशन गर्ने तयारी गरेको छ । विसं २०६८ सम्म जिल्लास्तरको तथ्यांकको मात्र प्रतिवेदन सार्वजनिक गरिन्थ्यो ।

राज्य संघीय संरचनामा गएपछि पहिलोपटक स्थानीय तहको प्रतिवेदन प्रकाशन गर्न लागिएको विभागका निर्देशक ढुण्डीराज लामिछानेले बताए । विसं २०७८ को जनगणनाको फारम ७७ वटै जिल्लाबाट केन्द्रमा आइसकेको छ । प्राप्त फारामलाई परीक्षण र सम्पादन सकेर कम्प्युटरमा तथ्यांक राखिने उनले बताए । पुस मसान्तसम्म कम्प्युटरमा तथ्यांक प्रवेश गराउन थाल्ने विभागको तयारी छ ।

तथ्यांक प्रवेश गराउन सुरु गरेको ६ महिनाभित्र सक्ने गरी काम अघि बढाइने छ । चालू आवमा तथ्यांक प्रवेश गराइसकेर आगामी आवको सुरुमै प्रतिवेदन प्रकाशन गरिने लामिछानेले बताए । यस वर्षको जनगणनाको प्रतिवेदन केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहको अलगअलग सार्वजनिक गर्ने विभागको तयारी छ ।

गत वैशाखमा गणना गर्ने तयारी गरिएकामा नयाँ भेरियन्टसहितको कोरोनाको संक्रमण तीव्ररुपमा फैलिएपछि कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म गणकले घरघर पुगेर फाराम भरेका थिए । नेपालमा १९६८ सालदेखि जनगणना सुरु भएको हो । जनगणना सुरु भएको ११० वर्षपछि स्थानीय तहसम्मको तथ्याङ्क प्रकाशन हुन लागेको हो । राज्य पुनःसंरचना भएपछिको यो पहिलो जनगणना हो ।

## रोदनको निबन्ध 'अभिवन्द्य'माथि परिचर्चा

**काठमाडौं, मस-** श्रीओम श्रेष्ठ 'रोदन'को निबन्धसङ्ग्रह अभिवन्द्यमाथि चर्चा गरिएको छ ।

शंकर लामिछाने प्रतिष्ठानद्वारा शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा निबन्धकार श्रीओम श्रेष्ठ रोदनको नयाँ कृति अभिवन्द्यबारे चर्चा गरिएको हो । कृतिमा नेपाली समाजका विभिन्न क्षेत्रमा योगदान दिने ४१ व्यक्तिहरूबारे लेखिएका आलेखहरू छन् ।




कार्यक्रममा वरिष्ठ निबन्धकार तेजेश्वरबाबु ग्वङले श्रीओमको कृतिबारे चर्चा गर्दै उनले नेपाली निबन्धका क्षेत्रमा आफ्नो बेग्लै पहिचान बनाएको बताए ।

वरिष्ठ कवि तुलसी दिवसले लेखकले परम्परागत भाषाशैली भत्काउनुपर्ने र आफ्नो छुट्टै पहिचान बनाउनुपर्नेमा जोड दिएका छन् । अभिवन्द्य कार्यक्रममा समालोचक ज्ञानु अधिकारी र कवि मोमिलाले कृतिको समीक्षा गर्दै अभिवन्द्य कृति नेपाली निबन्ध साहित्यको महत्वपूर्ण कृति सावित हुने विश्वास व्यक्त गरे । समालोचक अधिकारीले अभिवन्द्य कृति विशिष्ट व्यक्तिहरूप्रतिको अभिनन्दन भएको र कृतिमा जीवन बोध गराउने निवन्धहरू संग्रहित रहेको बताए ।

कार्यक्रममा कवि तथा समिक्षक मोमिलाले साधकहरूलाई गर्नपर्ने सम्मान अविवन्द्य कृतिले गरेको बताए । लेख्नेबेला हरेक लेखक बुद्व बन्ने भन्दै अविवन्द्य कृति पढेर आनन्दको महशुष गर्न सकिने बताए । उनले कृतिभित्रका शीर्षक पढेरै ४१ सर्जकबारे सरल तरिकाले चिन्न सकिने कलात्मक कलाले रोदनका निबन्ध भरिएको बताए ।

अध्यक्षको आसनबाट शंकर लामिछाने प्रतिष्ठानका अध्यक्ष राधेश्याम लेकालीले श्रीओम श्रेष्ठ रोदन साहित्यका विभिन्न क्षेत्रमा स्थापित नाम भएको बताए । सो तेजेश्वरबाबु ग्वङ, तुलसी दिवस, मन्जुल, मदनदास श्रेष्ठ, हरिप्रसाद पोखरेल, अशेष मल्ल, चिन्तामणि योगी, निर्मोही व्यास, डा. लक्ष्मणप्रसा द गौतम, यादव भट्टराई आदि स्रष्टा, कलाकार र समाजसेवीहरुको पनि उपस्थिति रहेको थियो । अभिवन्द्य निबन्ध कृति यस अघि नै ग्वंग सिरपा भक्तपुरबाट पुरस्कृत कृति हो ।

# विद्यालयको गुणस्तर सुधार्न सबैको उत्तिकै भूमिका : नगर प्रमुख खड्का

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ९ पुस



नारायण नगरपालिका दैलेखका मेयर रत्न बहादुर खड्काले ' शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय सरकार मिलेर मात्रै शैक्षिक गुणस्तर वृद्धि गर्न सकिने बताएका छन् ।

नारायण नगरपालिका-११ जुपियास्थित बडाभैरव आधारभूतको सामाजिक लेखा परीक्षण तथा अभिभावक भेलालाई सम्बोधन गर्दै खड्काले सो कुरा बताएका हुन् । विद्यालयको सम्पूर्ण विकासको लागि नगरसरकारको तर्फबाट हुने हरेक किसिमको सहयोग गर्ने नगर प्रमुख खड्काले प्रतिवद्धता जनाए ।

खड्काले नगरसरकाले शिक्षा क्षेत्रमा सुधार तथा गुणस्तारिया शिक्षा सुधारको लागी थुप्रै काम गरिसकेको र गत वर्षको तुलनामा विद्यालयका संरचनामा धेरै सुधार भएको बताए । कार्यक्रममा बोल्दै नारायण नगरपालिका दैलेखका शिक्षा शाखा प्रमुख हिमालयजंग शाहले शिक्षा क्षेत्रलाई सुधार गर्नको लागि अझै धेरै काम गर्नुपर्ने बताए । नमुना विद्यालय बनाउनको लागि सबैसँग हातेमालो गरेर बढ्न उनले आग्रह गरे ।

शिक्षाको गुणस्तर सुधार्न अभिभावक, विद्यार्थी, शिक्षक लगायतको चासो र चिन्तन आवश्यक रहेको रैनादेवीका माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्त बहादुर खड्काले जोड दिए ।

हालसम्म विद्यालयले गरेका गतिविधि र आगामी दिनमा विद्यालयले गर्ने कार्यका विषयमा सामाजिक लेखा परीक्षण तथा अभिभावक भेला गरिएको विद्यालयका प्रधानाध्यापक मनसरा थापाले बताइन् ।

विद्यालयमा सुशासन कार्य गर्न, सरोकारवालाको विद्यालय प्रति अपनत्वको विकास गर्न, विद्यालय शासनका उत्तरदायित्व अभिवृद्धि गर्न, विद्यालयको समग्र गतिविधिको समिक्षात्मक लेखाजोखा गर्न र विद्यालयको भावि कार्यदिशा पहिचान गर्नका लागि सामाजिक लेखा परीक्षण गरिएको प्रधानाध्यापक थापाले बताइन् ।

यसैगरि बैठकमा आगामी दिनमा विद्यालयलाई अगाडि बढाउनको लागि सल्लाह सुझावहरु आएको र त्यसलाई विद्यालयले सुझाव सल्लाहलाई पालन गरेर कार्यान्वयन गर्ने उनको भनाई छ । विद्यालयको शैक्षिक, भौतिक, आर्थिकको बारेका प्रकाश पार्दै आर्थिक वर्ष २०७७/०७८ को ६९ लाख १९ हजार ३८ रुपैयाँ बराबरको आय तथा ६९ लाख १९हजार २८ रुपैयाँ रुपैयाँको व्याय सार्वजनिक गरिएको थियो ।

### जम्बो...

छन् । त्यसअघि विपक्षी दल एमालेले पनि पदाधिकारी संख्या बढाएको थियो । एमालेले यसपटक पदाधिकारी संख्या १९ सदस्यीय चयन गरेको छ । अघिल्लो महाधिवेशनमा एमालेको १२ सदस्यीय पदाधिकारी थियो । तर यसपटक अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, ६ उपाध्यक्ष, एक महासचिव, तीन उपमहासचिव र सात सचिव चयन भएका छन् । अर्थात् केही समय अगाडि पार्टी प्रमुख नै एक भन्दा बढी बनाउने होड अहिले पदाधिकारीमा झरेको छ ।

२०७४ सालको निर्वाचनपछि नेकपाले दुई अध्यक्ष राखेको थियो । तत्कालीन राष्ट्रिय जनता पार्टीको ६ अध्यक्ष थिए । समाजवादी पार्टी, नेपालको दुई अध्यक्ष र राप्रपाका तीन अध्यक्ष थिए । अहिले कुनैपनि दलको एक भन्दा बढी प्रमुख छैनन्, तर पदाधिकारी जम्बो बनाउने भने होड चलेको छ ।

### महासचिव...

आएका प्रतिनिधिले गाउँपालिकाको नेतृत्व चयन गरे । यस्तै नगरमा २००, उपमहानगरमा ३०० र महानगरमा ४०० प्रतिनिधि उपस्थित भएर महानगर, उपमहानगर तथा नगरपालिका अधिवेशन सम्पन्न गरेको छ । महानगर, नगर र पालिकाबाट चयन भएकाले प्रदेश समिति निर्वाचित गरेको छ । प्रदेश सम्मेलन हुँदै राष्ट्रिय सम्मेलनमा जुटेको माओवादीले नेपालको संविधानमा व्यवस्था गरिएको समाजवादको सन्दर्भमा स्पष्ट खाका पेश गर्ने दावी गरेको छ ।

अध्यक्ष प्रचण्डले पार्टीलाई रूपान्तरण गरेर क्रान्तिकारी पार्टीकै रूपमा अगाडि बढाउने संकल्प गरेका छन् । टुटफुटको शृङ्खलाबाट अगाडि बढेको माओवादीलाई २०६४ सालको जस्तै रापिलो र स्पातिलो बनाउने दृढ संकल्प गरेका प्रचण्डले समाजवादी आन्दोलनलाई विकास गरेर एउटा २१औं शताब्दीको एउटा नयाँ मोडेल विश्वलाई दिने बताउँदै बताएका छन् ।

पार्टीलाई कमीकमजोरी सच्याएर एउटा क्रान्तिकारी पार्टीका रूपमा, एउटा अन्तर्राष्ट्रवादी पार्टीका रूपमा, र समाजवादी क्रान्ति नेता पार्टीका रूपमा यसलाई रूपान्तरण गर्ने दोसाँधमा आफू रहेको भन्दै प्रचण्डले राष्ट्रिय सम्मेलनबाट विचारमा प्रष्टता आउने दावी गरेका छन् ।

नेकपा एमाले र नेपाली कांग्रेसले हालै सम्पन्न गरेको महाधिवेशनभन्दा माओवादीले फरक तरिकाले राष्ट्रिय सम्मेलनको आयोजना गरेको दावी गरिहँदा त्यसबाट कस्तो निष्कर्ष निकाल्ला त्यो भने प्रतीक्षाको विषय बनेको छ । त्यसो त अध्यक्ष प्रचण्डले स्थायी समितिको बैठकमा राष्ट्रिय सम्मेलनमा पेश गरिने राजनीतिक दस्तावेज पेश गरेका छन् । दस्तावेज कुन दिशामा केन्द्रीत भएको छ भन्ने बारेमा माओवादीको नेतृत्वले कुनै जानकारी नदिए पनि निरन्तरतामा क्रम भङ्गता हुने दावी गरिएको छ ।

### शुरू...

अर्जुनबहादुर सिंह निर्वाचित भए । प्रदेश १ बाट अमृत अर्याल, राजीव कोइराला र महेन्द्रकुमारी लिम्बू, प्रदेश २ बाट रमेश रिजाल, आनन्द ढुङ्गाना र चित्रलेखा यादव, बागमती प्रदेशबाट राजेन्द्रकुमार केसी, ध्यानगोविन्द रञ्जित र उर्मिला नेपाल केसी, गण्डकी प्रदेशबाट ध्रुव वाग्ले, कृष्णचन्द्र पोखरेल र सरस्वती अर्याल तिवारी, लुम्बिनी प्रदेशबाट देवेन्द्रराज कँडेल, चन्द्रबहादुर केसी र शिला शर्मा खड्का, कर्णाली प्रदेशबाट कर्णबहादुर बुढा, राजीवविक्रम शाह र जानकी सिंह तथा सुदूरपश्चिम प्रदेशबाट यज्ञराज जोशी, रणबहादुर रावल र सुशीला मिश्र भट्ट निर्वाचित भए ।

# दार्चुलामा अबैध बिँडी बरामद



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, ९ पुस ।

दार्चुलामा प्रहारीद्वारा १ लाख बराबरको अबैध बिँडी बरामद गरिएको छ । प्रहरीले लेकम गाउपालिका ३ सीमा नाका लालीमा शुक्रबार १ लाख बराबरको अवैध बिँडी बेबारिस अवस्थामा फेला पारेको हो । शुक्रबार दिउँसो लेकमको वडा नं. ३ खम्तडस्थित कुरीको झारीमा लुकाई छिपाई राखिएको भारतीय ४ पेटि घोडा बिँडी इप्रका लालीबाट प्रहरी सहायक निरीक्षक हरी बहादुर चौधरीको नेतृत्वमा खटिएको गस्ति टोलीले बेवारीसे अवस्थामा फेला पारेको हो । बरामद गरिएका अबैध बिँडी भन्सार कार्यालय दार्चुला पठाइएको प्रहरी सहायक निरीक्षक चौधरीले मध्यान्हलाई बताए । बरामद गरिएको बिँडी कसले त्यहाँ छोडेको हो भन्नेबारे कसैलाई पनि जानकारी नभएको र यसबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ ।

## अनेरास्ववियुद्वारा सहिद नारायण पोखरेल क्याम्पसमा कमिटी गठन

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, ९ पुस

सहिद नारायण पोखरेल रामपुर क्याम्पसमा अनेरास्ववियुले आफ्नो कमिटी विस्तार कार्यलाई तीव्रता दिएको छ । सोही क्रममा अनेरास्ववियुले विविएस र बिएड तर्फ ९१ सदस्यीय कक्षा कमिटी गठन गरिएको छ ।



कार्यक्रममा प्रमुख अतिथि संगठनको केन्द्रीय सदस्य सीता घिमिरेले अबको समय महिलाहरु हर ठाउँमा नेतृत्व तहमा पुग्नु पर्ने र त्यसका लागि क्याम्पस तहबाटै आफ्ना अधिकार प्राप्तिको लडाइ शुरु गर्नुपर्ने बताइन् ।

क्याम्पस कमिटी सचिव धनऋषि शर्माले क्याम्पसमा भर्ना भएर आएका नयाँ विद्यार्थीहरुलाई सङ्गठित गर्दै अगाडि लैजान र विद्यार्थीहरुको ब्यक्तित्व विकास गराउन संगठनले महत्वपुर्ण भुमिका खेल्ने बताए । विविएसतर्फ पुजा पुन अध्यक्षमा चयन भएकी छन् भने बिएडतर्फ अपेक्षा तिमिल्सिना अध्यक्ष पदमा चयन भएकी छिन् । उनीहरुकै नेतृत्वमा कमिटी गठन गरिएको हो । संगठन विस्तार कार्यक्रम संगठनका क्याम्पस कमिटी उपाध्यक्ष शिव न्यौपानेको अध्यक्षता, संगठनका केन्द्रीय सदस्य सिमा घिमिरेको प्रमुख आतिथ्यता, साथै अनेरास्ववियुका नेताहरु सुमित सापकोटा, सौगात पाण्डे, धनऋषि शर्मा, बिमल न्यौपाने, रेखा भट्टराई, सारदा चालीसे लगायत अनेरास्ववियुका क्याम्पस कमिटीका नेताहरुको उपस्थितमा सम्पन्न भएको थियो ।

**राहदानी हरायो**

मिति २०७८/०८/०७ (23 November 2021) गते ग्वार्को दखि एयरपोर्टसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

Name: Ganjendra Prasad Yadav
Passport No: 12072461
Address: Bara
Phone No: 9801031542

नेपाल सरकार
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०९/०६ मा दर्ता भएको **प्रा.लि. नं. ४३०१५** को **बिक्रम ट्रेडर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०९/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**श्री मालपोत कार्यालय, चितवन, भरतपुरबाट**
**प्रकाशित भएको ३५ दिने सार्वजनिक सूचना**

जिल्ला चितवन कञ्चनपुर बाचइस विचवा ९ बस्ने सन्तमान विश्वकर्मा का नाममा तपशिल बमोजिमको जग्गा दर्ता निज आफ्नो कालगतिबाट मिति २०७८/०२/०३ मा मृत्यु भएकोमा निजको बाबु मान बहादुर बि.क को नाममा नामसरि गरि पाउँ भनी चितवन भरतपुर-१५ बस्ने मान बहादुर वि.क.को यस कार्यालयमा निवेदन परि मिति २०७८/०८/२७ को आदेशनुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यसमा निवेदनको माग बमोजिम नामसरि गरि दिनु नपर्ने कुनै कारण भए वा निज भन्दा अन्य कोहि नजिकको हकवाला भए सो प्रमाण म्याद भित्र उपस्थित भई दावी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भै जाने छ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

तपशिल

| गा.वि.स | वडा नं. | कि.नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| मंगलपुर | १ क | १६८२ | ०-०-१३.५ | |

यसमा मृतक जग्गा धनी सन्तमान विश्वकर्माका नाममा दर्ता कायम रहेको उल्लेखित जग्गा निजको शेष पछि हक खाने कानूनी हकवाला निजको पत्नी हुनुपर्नेमा निज अविवाहित अवस्था मै मृत्यु भएकाले निजको बाबु मान बहादुर वि.क. को नाममा एकलौटी नामसारी गर्न माग भएको छ ।

**SAUDI मा रोजगार** | १. कम्पनी : **JAZAA MARZOUQ AL OTAIBI TRANSPORTATION .EST**
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०९/०९ चलानी नं.: ६०१७११७४ LT. No.: 254191

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष १७ गते (1 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Rays Recruitment Pvt. Ltd.**
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066

# 'महिलामाथि हुने विभेद अन्त्य गर्न सरकार प्रतिबद्ध'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ पुस



महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले महिलामाथि हुने सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताएकी छन्।

मानव अधिकारका लागि महिला एकल महिला समूहको २७ औँ वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनको शुक्रबार उद्घाटन गर्दै मन्त्री रेग्मीले महिलामाथि हुने हत्या, हिंसा, बलात्कार, घरेलु हिंसालगायत सबै प्रकारका हिंसा अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताइन् । उनले महिला हिंसा अन्त्यका लागि देशव्यापी अभियान नै सञ्चालन गर्ने पनि बताइन् ।

मन्त्री रेग्मीले राज्यका हरेक संरचनामा महिलाको समान सहभागिताका निम्ति महिला स्वयं सक्रिय हुनुपर्ने उल्लेख गर्दै महिलालाई हरेक क्षेत्रमा नेतृत्वदायी भूमिकामा ल्याउन आफ्नोतर्फबाट सक्दो पहल गर्ने प्रतिवद्धता व्यक्त गरिन् ।

महिलाहरु अहिले पितृसत्ता र अधिकार बीच संघर्षको ट्रान्जिसन पिरियडमा रहेको भन्दै उनले यो पिरियाडमा संघर्ष गरेर अधिकार प्राप्ति गर्नुपर्ने अवस्था रहेको बताइन्। मन्त्री रेग्मीले महिला अधिकारसँग जोडिएका कानून निर्माण, संशोधन वा महिलाको अधिकारका निम्न काम गर्न सल्लाह/सुझाव दिन सबैमा आग्रह समेत गरिन् ।

कानूनले अधिकार दिएपनि पितृ सत्ताका कारण दिएको अधिकार पनि फर्काउनुपरेको उनले बताइन्। द्वन्द्व पीडित एकल महिलाले भत्ता नपाएको गुनासो आएको बताउँदै उनले सो विषयमा सम्बन्धित ठाउँमा खोजी गर्ने बताइन् ।

पछिल्लो समय हत्या हिंसा बढी रहेको भन्दै उनले त्यस्ता विषयमा संवदेशनशिल बन्नुपर्ने पनि बताइन्। उनले भनिन्, 'हत्या हिंसा बलात्कारका कारण मुलुकको छवि नै विग्रिएको अवस्था छ । कतै हत्या हिंसाको देश नेपाल भन्ने चिनिने हो कि भन्ने डर लागेको छ ?' कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगले तयार गरेको ६ वर्षे रणनीतिमा एकल महिलाको विषयवस्तुलाई समावेश गरेको उल्लेख गर्दै मानव अधिकारसँग जोडिएका एकल महिलाका सवालमा आयोगले अझै सक्रियताका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बूढानीलकण्ठ नगरपालिकाका प्रमुख उद्धवप्रसाद खरेलले एकल महिलाको अधिकारका निम्ति आफ्नो नगरपालिकाले सक्रियताका साथ काम गर्दै आएको बताए। एकल महिला समूहकी अध्यक्ष कुन्दा शर्माले पछिल्लो समय हरेक क्षेत्रमा एकल महिलाको नेतृत्व बढी रहेको बताइन् ।

सत्तरीभन्दा बढी जिल्लाका एकल महिला समूहको प्रतिनिधित्व गर्दै विभिन्न जिल्लाबाट २५० एकल महिला सहभागी सो अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।

एकल महिला समूह २०५२ सालमा स्थापित भई एकल महिला सवलीकरण, सशक्तीकरण, नेतृत्व विकास तथा सामाजिक न्यायका लागि र समग्र एकल महिलाका हकअधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी सामाजिक संस्था हो ।

सबै जिल्लाको विभिन्न गाविस तथा नगरपालिकामा समूह गठन गरी सशक्तीकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै एकल महिलालाई ससम्मान पहिचान तथा परिर्वतनका बाहकका रुपमा तयार गर्नसमेत संस्था स्थापनाकालदेखि अग्रसर रहँदै आएको छ। एकल महिलालाई ५५ वर्षको उमेरमा भत्ता उपलब्ध गराउने निर्णयप्रति एकल महिला समूहले सरकारको ध्यानाकर्षण गराएको छ ।

# सडक निर्माणका लागि हेलिकप्टर मार्फत डोजर ढुवानी

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम, ९ पुस



रुकुम पश्चिमको आठबिसकोट नगरपालिका १ मा सडक निर्माणका लागि हेलिकप्टरमार्फत डोजर ढुवानी गरिएको छ ।

सडक सञ्जालसँग नजोडिएको नगरपालिकाको १ नम्बर वडा उमोखोलामा सडक निर्माणका लागि हेलिकप्टरमार्फत डोजर ढुवानी गरिएको हो ।

भौगोलिक रुपमा विकट मानिने यो क्षेत्र सडक सञ्जाल सँग नजोडिएको हुनाले सडक सञ्जालसँग जोड्नको लागी हेलिकप्टर मार्फत डोजर ढुवानी गरिएको हो । उक्त क्षेत्रमा नगरपालिका आफैँले डोजर ढुवानी गरिरहेको छ ।

नगरप्रमुख गोर्खबहादुर केसी (सन्देश)ले भने,'नगरपालिकाको सबैभन्दा बिकट मानिने उमोखोला लाई तत्काल सडक सञ्जालसँग जोड्दै छौं । त्यहाँको भूगोलको कारणले गर्दा हेलिकप्टर मार्फत शुक्रबारदेखि डोजर ढुवानी गरेका हौं । नगरप्रमुख केसीका अनुसार हालसम्म नगरपालिका भित्र ३ सय किलोमिटर सडक ट्राय्क खोल्ने कार्यभइरहेको छ ।'

बिहीबार नै नगरपालिकाको ३ नम्बर वडास्थित खदिमा पुगेको श्री एयरलाइन्सको हेलिकप्टर बाट शुक्रबारदेखि डोजर ढुवानी गरिरहेको वडा नं १ का वडाअध्यक्ष देव बहादुर घर्तीले जानकारी दिए।

अप्ठ्यारो भूगोलका कारण सर्वसाधारणले सडक खन्न सम्भव नभएर कमासु कम्पनीको १३० डोजर वडा नम्बर ३ खदी बाट १ नम्बर वडातर्फ हेलिकप्टरबाट ढुवानी गरिएको घर्तीले बताए ।

अब उमोखोला देखि खदिसम्मको सडक निर्माण हुने छ। उक्त योजना साझेबगर, चैतेखारा, बारिङे सडक अन्तर्गत पर्दछ। यस अगाडि पनि नगरपालिकाको वडा नम्बर २ का विभिन्न भुभागमा हेलिकप्टरबाट निर्माण सामग्री ढुवानी गरिएको थियो ।

# मगर संघ कतारको खुल्ला रक्तदान कार्यक्रम

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, ९ पुस



'रक्तदान गरौं परोपकारी कार्यमा सहभागी होऔँ' भन्ने नाराका साथ नेपाल मगर संघ, कतार शाखाको रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कतारको सरकारी अस्पताल हमादको ब्लड डोनर सेन्टरसँगको समन्वयमा शुक्रबारका उक्त कार्यक्रम सम्पन्न भएको हो ।

एनआरएनए कतार, प्रदेश संस्थाहरु, वैचारिक सस्थाहरु, जिल्ला संस्थाहरु, विभिन्न जातीय एवं भातृ संस्थाहरुलगायत पत्रकार, बुद्धिजीवी, समाजसेवी, ब्यावसायीहरुसहित कतारलाई कर्मथलो बनाएका नेपालीहरु गरी १७० जनाले सहभागिता जनाएका थिए । रक्तदान कार्यक्रममा ६३ जना रक्तदाताले रक्तदान गरेको कार्यक्रमका संयोजक नरेश सिन्जाली मगरले मध्यान्हलाई जानकारी दिए। बिहान ७ बजेदेखि सुरु भएको कार्यक्रम दिउँसोसम्म चलेको थियो ।

रक्तदान गर्ने र उपस्थित सबैलाई संघका अध्यक्ष विवेक पुलामी मगरले धन्यवाद तथा आभार प्रकट गरेका थिए । अस्पतालका तर्फबाट संघलाई प्रशंसा पत्र प्रदान गर्दै धन्यवाद ज्ञापन गरिएको थियो।

# नवलपरासीमा ११ फरार अभियुक्त पक्राउ

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ९ पुस

नवलपरासीमा विभिन्न मुद्दामा फरार ११ अभियुक्त पक्राउ परेका छन् ।

जिल्ला अदालतबाट २०५२ सालदेखि २०७२ सालसम्मका विभिन्न मितिमा फैसला भई कैद तथा जरिवाना तोकि तत्काल सजाय भुक्तान गर्न बाँकी रहेका वन मुद्दाका ६, गाली बेईजती मुद्दाका १, सवारी अंगभंगका १, जालसाजी मुद्दाका २ जना र सार्वजनिक मुद्दाका १ गरी जम्मा ११ जना फरार अभियुक्तहरु जिल्ला प्रहरी कार्यालय तथा मातहत समेतबाट खटिएको प्रहरी टोलीले विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

जिल्लाको रामग्राम नगरपालिका अन्तर्गतको एरियाबाट ४ जना, सरावल गाउँपालिका अन्तर्गतको एरियाबाट ३ जना र बर्दघाट नगरपालिका अन्तर्गतको एरियाबाट ४ जना फरार अभियुक्त पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रक्राउ पर्नेमा अधिकतम सजाय वन मुद्धाका ३ जना अभियुक्तको जनही १ महिना कैद र १७ हजार ९ सय बीस रुपैयाँ जरीवाना तोकिएको छ भने न्यूनतम सजाय गाली बेइजती मद्दाका एक जना अभियुक्तको ३२ रुपैयाँ जरीवाना रहेको छ ।

पक्राउ परेका ११ जना अभियुक्तहरुको एकमुष्ट जम्मा सजाय ४ महिना १० दिन कैद र ७७ हजार २ सय ४९ रुपैयाँ जरिवाना रहेको छ। पक्राउ गरिएका सबै ११ जना फरार अभियुक्तहरुलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालतमा पेश गरिएको र अदालतबाट लगत अनुसारको कारवाही भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

मंसिर २८ गतेदेखि हासम्म विभिन्न मुद्धाका ८० जना फरार अभियुक्त जिल्लाको विभिन्न स्थानबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि जिल्ला अदालतमा पेश गरिएको छ ।


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेलबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति २०७८/०९/१०**

यस नगरपालिकाबाट प्रकाशित सूचना बमोजिमको ठेक्का न. **BM/MOR/W/NCB-01-076/077** को लागि रीतपूर्वक पेश हुन आएका बोलपत्र कागजात सार्बजनिक खरिद नियमावली (संशोधन २०६४ को नियम १४७ (१)) अनुसारको मुल्याङ्कन समितिले गरेको मुल्याङ्कन र सोको प्रतिबेदनको आधारमा निम्न बोलपत्रदाता न्युन मुल्याङ्कीत सारभूतहरुपमा प्रभावग्राही भएको हुँदा उक्त बोलपत्रदाता स्वीकृत गर्न तथा देहाय अनुसार कबोल अंकराखी बोलपत्र पेश गर्ने बोलपत्रदाता र अन्य सरोकारवालाहरु समेतको जानकारी लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) मा रहेको प्रयोजनका लागि पेश भएका न्युन मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही तपशिलको बोपत्रदाताको प्रस्ताब स्वीकृत गर्ने आशयको जानकारी गराईएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्रमा ऐ. ऐनको दफा ४७ अनुसार कुनै निवेदन यस कार्यालयमा दर्ता हुन नआएमा उल्लेखित निर्माण व्यवसायी मार्फत उल्लेखित खरिद प्रकृया अगाडी बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं. | कार्यको नाम | बोलपत्रदाताको नाम | बोलकबोल अंक रु (भ्याट र पीएस सहीत) | कैफियत |
|---|---|---|---|---|
| १ | भगवति मा.वि ट्रस भवन निर्माण | हिता कन्स्ट्रक्सन प्रा.लि चन्द्रागिरी न.पा, काठमाडौ | २१,७४,१६९।६९ | |

**प्रमुख प्रशासकीय अधिकृत**



## साउदीमा रोजगारको अवसर

१. कम्पनी: **EASTERN CONSTRUCTION MAINTENANCE COMPANY** शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०८/१४ | चलानी नं.: ६०१६९१७१ | LT. No.: 252285 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Labour | 99 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: **FARES AL- QASSIM EST. FOR OPERATION AND MAINTENANCE** शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७८/०८/०५ | चलानी नं.: ६०१६८२५१ | LT. No.: 251319 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस १७ गते (1 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blue Galaxy Overseas Pvt. Ltd.**
Sinamangal -09, Kathmandu, Near by Panchakumari Temple, Nepal
Tel: 014583715, 014586915 Fax no: 014585936. Email : info@bluegalaxyovs.com
Gov. Lic. No. 186/057/058
Mobile No.: 9841337113 / 9869346269 . Website : www.bluegalaxyovs.com



## लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, शिवराज नगरपालिकामा कार्यान्वयन गरिने श्री खान ईट्टा उद्योग को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७८/०९/१०)**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | तलक आरा<br>शिवराज नगरपालिका गडगौडा ,कपिलवस्तु |
| **प्रस्तावको व्यहोरा** | कार्यान्वयन हुने स्थान:, शिवराज नगरपालिका वडा नं ६, कपिलवस्तु<br>कित्ता नं: ४२०, ४२१, ४२२, ४२३<br>प्रस्तावको सामान्य जानकरी:<br>लगानी रु: ८,५००,०००<br>लगानी किसिम: एकल |
| **प्रस्तावले प्रभाव पार्ने जिल्ला, नगरपालिका** | कपिलवस्तु जिल्ला, शिवराज नगरपालिका वडा नं, ६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, समाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्तो प्रभाव पार्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/नगरपालिका, वडा तथा त्यस क्षेत्रका विधालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यत्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव दिनु उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| **प्रस्तावकको नाम र ठेगाना** | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|
| **तलक आरा**<br>**शिवराज नगरपालिका, कपिलवस्तु**<br>**फोन नं** | **इनभारोमेन्टल इन्जिनियरिङ कन्सल्टयान्ट प्रा.लि.**<br>**सामाखुसी, काठमाण्डौ**<br>**फोन नं.: ९८६३५५०३७२**<br>**इमेल : letters2suren@gmail.com** |



**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

▶ घुमफिर



हिमालको काखमा सिमला यी परेलीबाट ओझेलमा पर्दै थियो । त्यहाँबाट कार रिजर्भ गरेर शोधीतर्फ लाग्यौं । कारको सिसाबाट बाहिरी दृश्य नियाल्दा उज्यालो बत्तीहरुले सिमला बजार झकमक्क परेको थियो । मनमा एक किसिमको शान्तिको आभाष भयो । भिरमाथिको अग्लो डाँडामा बसेको सिमला छुटिसक्यो ।

# अनि सिमलामा सम्झिएँ मेरो देश !



■ अर्जुन बिष्ट

पत्रकारितामा जति सक्रिय छु त्यति नै म घुमफिरमा पनि निकै मन लगाउँछु । नेपालका अधिकांश पर्यटकीय स्थलहरु घुमिसकेको छु । मेरा लागि घुम्नु भनेको जीवनमा नयाँ अनुभव थप्नु हो । अनुभव बटुल्न म प्रायः फुर्सद मिल्ने बित्तिकै यात्रामा निस्किहाल्छु । विश्वभरी महामारीको रुप लिएको कोरोना भाइरसको कारण केही महिना कोठामै थुनिनु पर्‍यो । त्यतिबेला घुम्न नपाउँदा मलाई अत्यास लाग्थ्यो । अहिले केही सहज भएपछि फेरि यात्रामा जोडिएको छु ।

यात्रा गर्नुअघि इन्टरनेटमा कहाँ घुम्ने भनेर खोजी गरेँ । भारतमा घुम्नलायक ठाउँहरु धेरै रहेछन् । तर, यो मौसममा हिमाञ्चल प्रदेशमा घुम्दाको आनन्द अरु ठाउँमा नपाइने रहेछ । मलाई यो यात्रा अविस्मरणीय बनाउनु थियो । अनि घुम्ने ठाउँ सिमलालाई रोजेँ ।

काठमाडौंबाट करिब १ घण्टा ३५ मिनेटको हवाई यात्रापछि इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल, नयाँ दिल्ली पुगिँदो रहेछ । यहाँ पुगेपछि सिमलाको लागि फ्लाइट वा बसमा जाने निर्णय गर्दै थियौं । साथीले बसमा जाने र यहाँको सुन्दर दृश्य कैद गर्ने अनुरोध गरेपछि हामीले त्यहाँबाट सिमलाको लागि टिकट लियौँ । नयाँदिल्लीबाट ३ सय ४१ किलोमिटरको लामो यात्रामा हामी हिमाञ्चल प्रदेशको राजधानी सिमला तर्फ लाग्यौं ।

केही छिनपछि पानीपत, घरौंदा करनाल हुँदै करनाल क्षेत्रमा पुगेर खाजा खायौं । अझै आधाभन्दा बढी नै दुरी हामीले यात्रा गर्नु थियो । अम्बला बजारमा पुगेपछि त्यहाँको बजार निकैं व्यस्त देखिन्थ्यो । मान्छेहरूको पनि निकैं चहलपहल थियो । मनमा लाग्यो, भारतको व्यस्त शहरमा अम्बला पनि पर्छ ।

करिब ५ घण्टा बितिसकेको थियो । हामी उतराखण्डलाई छोड्दै पन्जावको नजिक चण्डिगढ पुग्यौं । यो जिल्ला भारतको एउटा केन्द्र शासित प्रदेश हो, जुन दुई भारतको राज्य, पञ्जाब र हरियाणाको राजधानी पनि हो । यसको नामको अर्थ हो चण्डीको किला । यो हिन्दू देवी दुर्गाको एउटा रूप चण्डीका वा चण्डीको एउटा प्रसिद्ध मन्दिरको कारण राखिएको हो । यो मन्दिर अझै पनि यस सहरमा अवस्थित छ । यस सहरलाई सिटी अफ ब्यूटीफुल पनि भनिने गरिन्छ ।

गाडी आफ्नै गतिमा थियो । चण्डीगढबाट बिस्तारै पहाडतर्फ लाग्यौं । केही घण्टाको यात्रापछि सोलन पुग्यौं, जहाँ चारैतिर डाँडाले घेरीएको घना बस्ती मनै लोभ्याउने ठाउँ थियो । बसपार्कमा केही छिनलाई रोकिएको बस फेरि सिमलातर्फ गुड्यो । मनोरम दृश्यलाई नियाल्दा नियाल्दै हामी शोघिमा पुगिसकेका रहेछौं । बिहानको खान यतै खाने निर्णय गर्यौं । आकाश बटारिँदै थियो । चिसो मौसमको साथमा खान खाएर हामी पुनः सिमलाको यात्रामा लाग्यौं ।

करिब १ बजेतिर सिमलाको मुख्य बजार पुग्यौं । काठमाडौंमा बस्दा सधैं काम, त्यसमाथि कोरोनाको कारण कति दिन घरमै थुनिन परेको पीडा सबै बिर्साउन छु । केही दिनको यो स्वतन्त्र यात्रालाई अविस्मरणीय बनाउनु छ ।

हामीले यहाँका घुम्नलायक ठाउँहरु रोज्यौं । सबैभन्दा पहिले हिमाञ्चल राज्य म्युजियमको अवलोकनमा निस्कियौं । 'आधुनिक कलाको विश्वको अग्रणी संग्रहालयमा तपाईंलाई स्वागत छ', ठुला अक्षरमा लेखिएको थियो । यहाँ दशकौंसम्मको अवधिमा सिर्जना गरिएका कलाकार्यहरू र यस युगमा सिर्जना गरिएको शैली र कलाको दर्शनलाई दर्साइएको रहेछ । कला र कलाकृतिहरू जस्तै पुरातन उपकरणहरू, पुतली, सिक्का र भिक्टोरियन हवेलीमा परम्परागत कपडाहरु म्युजियमको मुख्य आकर्षक रहेछन् । कलासंस्कृति र हस्तकलाले भरिएको यो म्युजियम साँच्चिकै मनै लोभ्याउने रहेछ ।

"सिमलाजस्तो शीतल, सुन्दर उच्च हिमालयको काखमा रुमलिदैं गर्दा मैले सम्झिएँ, प्राकृतिक सुन्दरताले भरीपुर्ण मेरो देश । अनि देश बनाउन चाहिने रकम भ्रमण र भत्तामा सकाउने हाम्रा बेकामे संसद र सरकारलाई । कुर्सी र सत्ताको लडाइँमा व्यस्त हाम्रा देशका नेतृत्वकर्ताहरु विश्वका विकसित मुलुक नघुमेका पनि होइनन् । बडेमानका पुलहरु हेरिसकेका ती आँखाले नेपालमा गाडीसमेत खोलाले बगाउँदा पनि देख्दैनन् ।

हिउँ पर्ने समय भएर होला चिसो निकै । म्युजियमबाट फर्किनेक्रममा बाटोमा चिया र खाजाले पेट टन्नै भरेका थियौं । अबको हाम्रो योजना माल रोड जाने थियो तर, मालरोड घुम्नुभन्दा पहिले ज्याकुहिल जाने सल्लाह भयो । साँझको ३:५० बजिसकेको थियो । यहाँको केवलकार ४ बजे बन्द हुने रहेछ । हामी केवलकार चढेनौँ । कार रिजर्भ गरेर ज्याकुहिलमा अवस्थित हनुमान मन्दिरतर्फ लाग्यौं । त्यहाँ विश्वकै अग्लो हनुमानको प्रतिमा ठड्याइएको रहेछ । प्रतिमा छेउको हनुमान मन्दिरमा साँझको आरतीको तयारी हुँदै थियो । हामी भने त्यहाँ जान सकेनौँ ।

भोलिपल्ट बिहानको फ्लाइटमा दिल्ली फर्किनु थियो । एकातिर पहाडकी रानी सिमलालाई छोड्न मनै छैन अर्कोतिर दिल्लीमा अधुरो रहेको कामलाई पनि त सकाउनुछ । चारैतिर बत्तीको झिलिमिली उज्यालो छ । हामी भने मालरोडमा लम्किदैं छौँ । यो ठाउँ सिमलाको प्रमुख ह्याआउट पोइन्ट र सपिंग सेन्टर रहेछ । बेलायती औपनिवेशिक शासनको क्रममा निर्माण गरिएको, मालरोड रिजभन्दा तलको स्तरमा अवस्थित छ । नगर निगमको कार्यालयहरु, फायर सेवा र पुलिस मुख्यालयहरु यहाँ अवस्थित छन् ।

त्यहीँ उता छेउमा सानो पार्क थियो । हामी त्यही बाटो हुँदै गयौं । बुट्टा भरेर सजाइएको त्यो पार्कको छेउमा पिठ्युमा बच्चा र हातमा तरबार बोकेर सारा ब्रम्हाण्डलाई हाँकि दिए झै विजयको लागि युद्धभुमिमा होमिएकी भारतकी नामुद वीराङ्गना झाँसीकी रानी लक्ष्मी बाईको सालिक थियो । त्यो सालिकले आइपरे महिलाले पनि आफ्नो राष्ट्र र भूमिको रक्षाका लागि एक मुट्ठी सास रहेसम्म शत्रुसँग भिड्न सक्छिन भन्ने साहस झल्काएको थियो । सिमलाजस्तो शीतल, सुन्दर उच्च हिमालयको काखमा रुमलिदैं गर्दा मैले सम्झिएँ, प्राकृतिक सुन्दरताले भरीपुर्ण मेरो देश । अनि देश बनाउन चाहिने रकम भ्रमण र भत्तामा सकाउने हाम्रा बेकामे संसद र सरकारलाई । कुर्सी र सत्ताको लडाइँमा व्यस्त हाम्रा देशका नेतृत्वकर्ताहरु विश्वका विकसित मुलुक नघुमेका पनि होइनन् । बडेमानका पुलहरु हेरिसकेका ती आँखाले नेपालमा गाडीसमेत खोलाले बगाउँदा पनि देख्दैनन् ।

साँच्चै बजेटको सही सदुपयोग र पारदर्शी रुपमा खर्च गर्ने हो भने ओझेलमा परेका हाम्रा परम्परागत रूपमा निर्मित संरचना, पर्यटक लोभ्याउने तालतलैया, मठमन्दिर र ती दन्ते लहर फिँजाउदै मुस्कुराई रहेका हिमालहरुको काखमा पुग्दाको आनन्द स्वर्गभन्दा कम होला र ? तर, विडम्बना, हाम्रो देशको नीति र नीति निर्माताहरुको सोचले गर्दा आज कयौं पर्यटकीय स्थलहरु संरक्षणको अभावमा छन् । कति संरचनाहरु पर्यटकको पर्खाइमा होलान् ? मनमा अनौठो कल्पनाहरु सल्वलाउन थाल्यो ।

हिमालको काखमा सिमला यी परेलीबाट ओझेलमा पर्दै थियो । त्यहाँबाट कार रिजर्भ गरेर शोघीतर्फ लाग्यौं । कारको सिसाबाट बाहिरी दृश्य नियाल्दा उज्यालो बत्तीहरुले सिमला बजार झकमक्क परेको थियो । मनमा एक किसिमको शान्तिको आभाष भयो । भिरमाथिको अग्लो डाँडामा बसेको सिमला छुटिसक्यो । हामी भोलिपल्ट बिहानैको फ्लाइटमा दिल्ली जाने योजनामा थियौँ । केवल आँखाबाट टाढिएको सिमला मनबाट भने ओझेल परेन । यहाँ घुम्न आउने फेरि कहिले ? अझै भिज्न मन छ, यो प्रकृतिको वरदान सिमलामा । धित् मरुन्जेल रमाउन मन छ ।

## लघुकथा

अवतार ढकाल





कक्षाबाट सबैभन्दा पछि निस्केको त्यही विद्यार्थीलाई मिसले सोधिन्, "विकास तिमीलाई के भको छ ? स्कुल बिदा भको मन पर्दैन हो ?" "मनपर्छ । तर भोलि चाहिँ ...।" उसले भन्यो । "भोलि त झन आफ्नो आमाको मुख हेर्ने दिन हो नि ।" उनले सम्झाइन् । "म्याम मेरो ममि हुनुहुन्न । ममि भको भए पो मुख हेर्नु । बाबा र म मात्र कोठामा बस्छौं ।" उसले झन मलिन अनुहार बनाउँदै भन्यो ।

# आमाको मुख हेर्ने दिन

"ल नानी बाबुहरु । भोलि स्कुल बिदा । तिमीहरु सबैजनाले आफ्नो आमाको मुख हेर्नु । राम्रा राम्रा उपहार दिनु र दिनभर आमासँगै बस्नु है । अनि भोलि त आमासँग झगडा गर्ने, उहाँलाई दुःख दिने जस्ता काम गर्नु हुन्न नि ।" अन्तिम घण्टीको पढाइ सकिन लागेपछी  कक्षा चारका विद्यार्थीहरुलाई सम्झाउँदै सविता मिसले भनिन् ।

सबै विद्यार्थीहरु खुसीले चिच्याए । दोस्रो बेन्चमा बसिरहेको एउटा नयाँ विद्यार्थी अँध्यारो अनुहार लगाएर बसिरह्यो ।

भोलि बिदा । पाले दाइको टुपी सिधा । घण्टी लाग्ने बित्तिकै तँछाड मँछाड गर्दै सबै विद्यार्थीहरु बाहिर निस्किए । कक्षाबाट सबैभन्दा पछि निस्केको त्यही विद्यार्थीलाई मिसले सोधिन्, "विकास तिमीलाई के भको छ ? स्कुल बिदा भको मन पर्दैन हो ?"

"मनपर्छ । तर भोलि चाहिँ ...।" उसले भन्यो ।

"भोलि त झन आफ्नो आमाको मुख हेर्ने दिन हो नि ।" उनले सम्झाइन् ।

"म्याम मेरो ममि हुनुहुन्न । ममि भको भए पो मुख हेर्नु । बाबा र म मात्र कोठामा बस्छौं ।" उसले झन मलिन अनुहार बनाउँदै भन्यो ।

"अनि ममि नि ?" उनले सोधिन् ।

"खै ? हामीलाई छाडेर विदेश जानु भको रे । आउनु भएन ।" आँखाभरी आँसु पारेर उसले भन्यो । उसँग कुरा गर्दा गर्दै सविता एक्कासी भावुक भइन् ।

"अनि ममिको नाम नि ? फोटो देखेको छौ?" उनले सोधिन् ।

विकासले टाउको हल्लाउँदै छैन भन्यो  ।

